# गल्कोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## गल्कोट बागलुङको

# बोलपत्र आहवानको सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०७५।०१।०२**

ठेक्का नं. **GM/CBG/2074/75/01**

यस गलकोट नगपालिका नगर कार्यपालिकाको कार्यालय, गलकोट बाग्लुङका लागि योग्य बोलपत्रदाताहरूबाट राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत, Supply and Delivery of 4WD Double Cab Pickup- 1 unit -- ) गर्न यो बोलपत्र आह्वान गरिन्छ ।

१. योग्य बोलपत्रदाताले बोलपत्र र सो सम्बन्धी कागजातहरु गलकोट नगर कार्यपालिकाको कार्यालय, बाग्लुङ बाट लिखित निवेदन पेश गरीयो सूचना प्रकाशित भएको मितिले ३० औं दिन मिति २०७५।०१।३१ गते कार्यालय समय भित्र खरिद गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्र, ०७३।०७४ को कर चुक्ता प्रमाणपत्र,चालु आ.व.को लागि नविकरण भएको ईजाजत पत्र ,आयकरको स्थाई लेखा पमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलिपी संलग्न राखी यस कार्यालयलाई सम्बोधन गरिएको Letter of Authority from the Principal/ Manufacturer र बोलपत्र सम्बन्धी कागजातको दस्तुररु ३०००।-(*अक्षरुपी तिन हजार मात्र* फिर्ता नहुने) नगद अथवा यस कार्यालयको नेपाल बैकं लिमिटेड, बाग्लुङको राजस्व खाता नं. २२०३००००००००४००१०७१ मा जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।

**२.** शिलबन्दी गरिएको बोलपत्र गलकोट नगर कार्यपालिकाको कार्यालय, बाग्लुङमा यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन मिति २०७५।०२।०१ गते दिनको १२:०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्वीकार गरिने छैन ।

**३.** बोलपत्रमा मुल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ र प्रति इकाई दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

**४.** नेपाल सरकारले लगाएको सम्पूर्ण कर,भन्सारशुल्क तथा अन्य शुल्क बोलपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।

**५.** वोलपत्र स्वीकृत भएपछि वोलपत्र मूल्यको पाँच (५) प्रतिशत हुने रकम बराबरको नगद भौचर वा मालसामानको वारेन्टी अवधिको लागि मान्य हुने कार्यसम्पादन जमानत पेश गर्नुपर्नेछ ।

**६.** तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता निजको प्रतिनिधिको रोहबरमा गलकोट नगर कार्यपालिकाको कार्यालय, बाग्लुङमा सोही ३१ औं दिन मिति २०७५।०२।०१ गतेदिनको २:००  बजे बोलपत्रदाताको र कार्यालयको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि बोलपत्र मान्य हुनेछ। बोलपत्रको साथ रु ९५,००० । बोलपत्र जमानत बापत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, बाग्लुङको नेपाल वैक लि को बाग्लुङ स्थित धरौटी खाता नं. २२०३००००००००३०००००००९ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरीएको १२० (एक सय बिस) दिन सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

**७.** बोलपत्र खरिद तथा पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिको समयमा बोलपत्र खरिद तथा पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ। यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

**८.** कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार खरिदकर्ता कार्यालयमा निहित रहने छ ।

**९.** यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४, तथा प्रचलित अन्य कानुन बमोजिम हुनेछ ।

**१०.** थप जानाकारीको लागि यस कार्यालयमा सर्म्पक राख्न सकिने छ ।

**(सर्म्पक नम्बर ०६८-४२०११०, ०६८-४२०१११)**

**प्रमुख प्रशासकीय अधिकृत**